5th September, 2026

National News

<u>मुख्य समाचार-</u>

1. गुणस्तरीय शिक्षाबाट मात्र विकसित भारतको लक्ष्य हासिल गर्न सकिने राष्ट्रपति द्रौपदी मुर्मुको मन्तव्य

2. नयाँ दिल्लीमा श्री राम कलेज अफ कमर्सको शताब्दी समारोहमा प्रधानमन्त्री नरेन्द्र मोदी उपस्थित

3. भारत आत्मनिर्भर बनेको र आफ्नो सम्पदा अध्ययन गर्न तथा बुझ्नका लागि अरू कसैको अनुमति पर्खिरहनु नपर्ने अर्थमन्त्री निर्मला सीतामरणको बयान

4. विदेशमन्त्री डा. एस जयशंकरले युद्ध अन्त्य गर्नका निम्ति भारत सबै सम्भावित सहयोग प्रदान गर्न तयार रहेको आवगत गराउनु भयो पोल्याण्डका विदेशमन्त्रीलाई

5. शिक्षक दिवसको अवसरमा सर्वोच्च अदालतका प्रधानन्यायाधीश सूर्य कान्तले कानून, न्याय र कानुनी शिक्षा सम्बन्धी मासिक व्याख्यान श्रृंखला आरम्भ भएको गर्नुभयो घोषणा

<u>1. साँझ राष्ट्रपति - राष्ट्रिय शिक्षक पुरस्कार</u>

राष्ट्रपति द्रौपदी मुर्मुले गुणस्तरीय शिक्षाबाट मात्र विकसित भारतको लक्ष्य हासिल गर्न सकिने बताउनु भएको छ। उक्त विचार शिक्षक दिवसको अवसरमा आज नयाँ दिल्लीमा आयोजित राष्ट्रिय शिक्षक पुरस्कार २०२६ समारोहलाई सम्बोधन गर्दै राष्ट्रपतिले व्यक्त गर्नु भएको हो।

यसै क्रममा ज्ञानलाई सबैभन्दा ठूलो शक्तिको रूपमा वर्णन गर्दै राष्ट्रपतिले शिक्षाले मानिसहरूलाई स्वतन्त्र रूपमा सोच्न, सही निर्णय लिन र देशको प्रगतिमा अर्थपूर्ण योगदान दिन सक्षम बनाउँछ, भन्भुयो। उहाँले समर्पित शिक्षकहरूलाई राष्ट्र निर्माता बताउँदै आफ्ना शिक्षकहरूलाई सम्मान गर्ने समाज साँच्चै प्रगतिशील समाज हो, भन्नुभयो ।

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रिय शिक्षक पुरस्कार प्रदान गर्नुभयो। यी पुरस्कारहरू २७ राज्य, सात केन्द्र शासित प्रदेश र छ केन्द्रीय सरकारी संस्थाहरूबाट छनोट भएका ४८ विद्यालय शिक्षकहरूलाई प्रदान गरिएको थियो। यसका साथै उच्च शैक्षिक संस्था र पोलिटेक्निकका २१ जना शिक्षक र संकाय सदस्यहरूलाई राष्ट्रिय शिक्षक पुरस्कार पनि प्रदान गर्नुभयो।

## 2. प्रधानमन्त्री-दिल्ली विश्वविद्यालय

प्रधानमन्त्री नरेन्द्र मोदी अझि साँझ नयाँ दिल्लीमा श्री राम कलेज अफ कमर्स (SRCC) को शताब्दी समारोहमा भाग लिनुभयो। दिल्ली विश्वविद्यालयको एउटा भाग रहेको SRCC देशको प्रमुख उच्च शिक्षा संस्थाहरू मध्ये एउटा हो। यसले वाणिज्य, अर्थशास्त्र र व्यवस्थापनका पाठ्यक्रमहरू प्रदान गर्दछ। यो कलेज १९२६ मा उद्योगपति र परोपकारी सर श्री रामद्वारा स्थापना गरिएको थियो।

## 3. संशोधित: प्रधानमन्त्री - शिक्षक दिवस

प्रधानमन्त्री नरेन्द्र मोदीले शिक्षकहरूलाई पाठ्यपुस्तकभन्दा बाहिर गएर विद्यार्थीहरूको जीवन सुधार गर्न र उनीहरूको बाल्यकालको सुरक्षा गर्न ठूलो भूमिका निर्वाह गर्न आह्वान गर्नुभएको छ। हिजो नयाँ दिल्लीमा राष्ट्रिय शिक्षक दिवस पुरस्कार विजेताहरूसँग अन्तर्क्रिया गर्दै उहाँले यी टिप्पणीहरू गर्नुभएको हो।

श्री मोदीले शिक्षकहरूले प्रत्येक विद्यार्थीको भित्री बाल्यकाल जीवित रहोस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ। यसो गर्न शिक्षकहरूले आफ्नो भित्री वालकपन पनि जीवित राख्नु पर्छ भन्नुभयो। प्रधानमन्त्रीले बालबालिकामा वास्तविक परिवर्तन ल्याउन शिक्षकहरू पाठ्यक्रम मात्र होइन, उनीहरूको जीवनको हिस्सा बन्नुपर्छ भन्नुयो।

## 4. सीतारमण - सम्पदा

अर्थमन्त्री निर्मला सीतारमणले आज भन्नुभयो, भारत शिलालेखदेखि समुद्री व्यापार हुँदै गणितसम्मको आफ्नो सम्पदाको अध्ययन र पुन: प्राप्तिमा पहिलाभन्दा बढी विश्वस्त छ। नयाँ दिल्लीमा वार्षिक इतिहास पुरस्कार समारोह र डा. एस.एल. भैरप्पा स्मृति व्याख्यानमा सम्बोधन गर्दै, श्रीमती सीतारमणले औपनिवेशिक शासनको अन्त्यको अर्थ ऐतिहासिक अभिलेखहरू विस्तार गर्नु हो, जसमा धेरै भाषाहरू समावेश छन्, र विद्वानहरूको फराकिलो समूहलाई देशको विगतको व्याख्या गर्ने अवसर दिनु हो भन्नुभयो। अर्थमन्त्रीले भारत अब आत्मनिर्भर बनेको र अब आफ्नो सम्पदा अध्ययन गर्न तथा बुझ्नका लागि अरू कसैको अनुमति पर्खिरहेको छैन भन्नुभयो।

5. जयशंकर - रुस-युक्रेन द्वन्द्व

विदेशमन्त्री डा. एस. जयशंकरले भारत रुस र युक्रेन दुवैसँग निरन्तर सम्पर्कमा रहेको जनाउँदै भारतले युद्ध कम गर्न अथवा अन्त्य गर्न मद्दत गर्ने सुझावहरूमाथि विचार गरिरहेको छ भन्नुभयो। उहाँले वार्सामा पोल्याण्डका विदेशमन्त्री राडोस्लाव सिकोर्स्कीसँगको वार्तापछि युद्धमा कुनै विजेता नहुने हताउँदै युद्धले जीवन र सम्पत्तिको क्षति निम्त्याउँछ अनि विश्वमा आर्थिक भार बढाउँछ भन्नुभयो।

डा. जयशंकरले युद्ध अन्त्य गर्न संवाद र कूटनीतिमा जोड दिँदै युद्ध अन्त्य गर्नका लागि भारत सबै सम्भावित सहयोग प्रदान गर्न तयार रहेको आवगत गराउनु भयो।

6. जितेन्द्र - CSS फोरम

कार्मिक, सार्वजनिक गुनासो तथा पेन्सन मन्त्री डा. जितेन्द्र सिंहले कर्मचारी र उनीहरूका परिवारप्रति सेवा नियमहरूलाई अझ बढी उत्तरदायी बनाउन निरन्तर प्रयास गर्न आह्वान गर्नुभयो। आज नयाँ दिल्लीमा केन्द्रीय सचिवालय सेवा मञ्च (CSS) को शिल्ड पहलको शुभारम्भमा बोल्दै डा. सिंहले यो पहल कर्मचारी तथा सार्वजनिक गुनासो मन्त्रालयको सरकारी सेवा प्रणालीहरूलाई कर्मचारी अनि उनीहरूका परिवारको आवश्यकताप्रति बढी उत्तरदायी बनाउन गरिएको व्यापक प्रयाससँग मेल खाने बताउनु भयो।

7. सर्वोच्च अदालत-व्याख्यानहरू

सर्वोच्च अदालतका प्रधानन्यायाधीश सूर्य कान्तले आज कानून, न्याय र कानुनी शिक्षा सम्बन्धी मासिक "प्रत्येक महिना एउटा महत्त्वपूर्ण विचार" नामक व्याख्यान श्रृंखलाको सुरुआत भएको घोषणा गर्नुभएको छ। उहाँले शिक्षक दिवसको अवसरमा यो घोषणा गर्नुभएको हो। उक्त व्याख्यान श्रृंखलाले कानून, न्याय र समाजसँग सम्बन्धित महत्त्वपूर्ण समसामयिक मुद्दाहरूमा संवाद र विचार आदानप्रदानका लागि नियमित प्लेटफर्म प्रदान गर्नेछ।

## 8. UGC-NET प्रवेशपत्र

राष्ट्रिय परीक्षण एजेन्सीले UGC-NET जुन २०२६ मा अंग्रेजी, वाणिज्य र समाजशास्त्रको पुनर्परीक्षाका प्रश्नपत्रहरूको प्रवेशपत्र जारी गरेको छ। उम्मेदवारहरूले UGC-NET वेबसाइटमा लग इन गरेर आफ्नो प्रवेशपत्र डाउनलोड गर्न सक्छन्।

अंग्रेजी परीक्षा ९ सेप्टेम्बर  मा बिहान ९ बजेदेखि दिउँसो १२ बजेसम्म हुनेछ। वाणिज्य परीक्षा सोही दिन दिउँसो ३ बजेदेखि ६ बजेसम्म हुनेछ। समाजशास्त्र परीक्षा १० सेप्टेम्बरमा बिहान ९ बजेदेखि दिउँसो १२ बजेसम्म हुनेछ। प्रश्नपत्रहरूमा केही त्रुटिहरू भएको गुनासो आएपछि यी तीन विषयहरूको परीक्षा पुन: गरिँदैछ।

## 9. नेपाल बाढी - मृत्यु हुनेको संख्या

नेपालमा आएको विनाशकारी बाढीबाट मृत्यु हुनेको संख्या १,३४४ पुगेको छ। प्रभावित आठ जिल्लामा उद्धार कार्य जारी छ भने लगभग ५,००० जना अझै पनि बेपत्ता छन्। अहिलेसम्म १३,००० भन्दा बढी मानिसहरूलाई उद्धार गरिएको छ।

नेपाल, भारत र चीनका उद्धार टोलीहरूले बाढी प्रभावित जलविद्युत परियोजनाहरूको सुरुङमा फसेका मानिसहरूलाई उद्धार गर्न संयुक्त अभियान सञ्चालन गरिरहेका छन्।

## 10. त्रिपुरा - विशेष गहन संशोधन

त्रिपुरामा मतदाता सूचीहरूको विशेष गहन संशोधन (SIR) को प्रक्रिया आजदेखि सुरु भएको छ। प्रारम्भिक चरणमा तालिम र योजना समावेश हुनेछ। बुथ स्तरीय अधिकारीहरू (BLOs) ले विभिन्न राजनीतिक दलहरूका बुथ-स्तरीय एजेन्टहरूसँग भेटेर घर-घर प्रमाणीकरणको क्रममा उनीहरूको जिम्मेवारीहरूको बारेमा जानकारी गराउनेछन्। यसपछि, निर्वाचन आयोगका प्रशिक्षकहरूले BLOs लाई प्रमाणीकरण प्रक्रिया र सङ्कलन गरिएको जानकारी तोकिएको एपमा अपलोड गर्ने बारेमा तालिम दिनेछन्।

## 11. सुटिङ क्याम्प - भोपाल

सुटिङमा, २०२६ को एसियाली खेलकुद अघि भारतीय टोलीको अन्तिम प्रशिक्षण क्याम्प आज भोपालमा सुरु भयो। यो क्याम्प मध्य प्रदेश राज्य सुटिङ एकेडेमीमा आयोजना भइरहेको छ। नौ पुरुष र नौ महिला गरी अठार जना निशानेबाजहरू सहभागी छन्।